नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-१५२ दायर मितिः-२०८१/०७/०४**

**फैसला मितिः-२०८१/०७/०४**

**वादी**

**प्रहरी प्रतिवेदनले**

**नेपाल सरकार........................१**

**प्रतिवादी**

**जिल्ला पर्सा बिन्दावासिनी गाउँपालिका वडा नं.३ वस्ने राजकुमार रावत बरैको छोरा वर्ष २७ को सुदीश चौरसिया**

**........१**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गरी दर्ज्यानी चिन्ह तानी सर्ट च्याती अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन.।

२. प्रतिवादीले प्रतिवादीले प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गरी दर्ज्यानी चिन्ह तानी सर्ट च्याती अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. मैले प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गरी दर्ज्यानी चिन्ह तानी सर्ट च्याती अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

४. प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गरी दर्ज्यानी चिन्ह तानी सर्ट च्याती अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका वच्चा प्रसाद चौरसिया समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।

**ठहर-खण्ड**

यसमा मिति २०८१।०६।२८ गते अ.१२:०० बजेको समयमा जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं.८ स्थित सडकमा प्रतिवादी सुदीश चौरसियाले चलाई ल्याएको ना.१ ह.५७९४ नं.को ई-रिक्सा बीच सडकमा रोकी ट्राफिक जाम गरेकोले निजलाई ई-रिक्सा साईड गर्नु भन्दा निजले ई-रिक्सा वाट ओर्ली अश्लिल शव्दमा गाली गलौज गर्दै मेरो बाँया पट्टिको काँधमा हातहाली दर्ज्यानी चिन्ह तानी सर्ट च्याती अभद्र व्यवहा र गरेको भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी सुदीश चौरसियालाई कैद दिन ७ र जरिवाना रु.३०००/- अक्षरेपी तीन हजार मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी सुदीश चौरसियालाई ठहरेको कैद दिन ७ को हकमा निज मिति २०८१/०६/२८ देखि २०८१/०७/०४ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा रु.३०००/- असुल उपर गर्नु---------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**दिनेश सागर भुसाल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ कार्तिक महिना ४ गते आईतवार रोज १/ ने.सं. ११४४ कौलागा तृतिया, शुभम् .......